नेपाल सरकार

शिक्षा,विज्ञान तथा प्रविधि मन्त्रालय

**शिक्षा तथा मानव स्रोत विकास केन्द्र**

**(प्रारम्भिक बालविकास शाखा)**

**सानोठिमी,भक्तपुर**

प.स. २०७८/०७९

चं.नं.: १४

मिति :- २०७८।१२।२१

विषय : शैक्षिक सत्र २०७९ को विद्यार्थी भर्ना कार्यक्रम सञ्चालन सम्वन्धमा ।

श्री स्थानीय तह (सवै)

श्री विद्यालय (सवै)

प्रस्तुत विषयमा **"सवै बालबालिका विद्यालय पठाऔं; शिक्षा प्राप्त गर्ने अधिकार सुनिश्चित गरौं"** भन्ने नाराका साथ शैक्षिक सत्र २०७९ को विद्यार्थी भर्ना कार्यक्रम सञ्चालन गर्ने निर्णय भएको हुँदा विद्यालय उमेर समूहका सवै वालवालिकालाई विद्यालय भर्ना गराई शिक्षा सम्वन्धी मौलिक अधिकार सारभूत रुपमा कार्यान्वयन गर्न सवै स्थानीय तह र विद्यालयहरुले तपशिल बमोजिम गरी विद्यार्थी भर्ना तथा विद्यालय स्वागत कार्यक्रम सञ्चालन गर्ने हुन निर्णयानुसार अनुरोध छ ।

तपसिल

## स्थानीय तह

- शैक्षिक सत्र २०७९ को विद्यार्थी भर्ना २०७९ बैशाख महिनामा नै सञ्चालन गर्ने व्यवस्था मिलाउने,
- स्थानीय तहको शिक्षा शाखाको एकजना कर्मचारीलाई सम्पर्क व्यक्ति तोकी सूचना, समन्वय र सहजीकरण गर्न लगाउने,
- स्थानीय एफ.एम. रेडियो लगायत स्थानीय स्तरका सञ्चार माध्यमहरुवाट सकेसम्म स्थानीय भाषामा विद्यार्थी भर्ना सम्वन्धी सचेतानामूलक सूचना, विज्ञापन प्रसारणको व्यवस्था मिलाउने,
- स्थानीय स्तरमा क्रियाशील र शिक्षा क्षेत्रमा कार्यक्रम सञ्चालन गरिरहेका गैरसरकारी संस्थाहरुलाई विद्यालय बाहिर रहेका विद्यालय उमेर समूहका वालबालिका पहिचान तथा भर्ना गर्न प्रोत्साहित गर्ने कार्यमा परिचालन गर्ने,
- अभिभावकविहीन वालवालिकाको अभिभावकत्व ग्रहण गरी भर्ना गराउने र त्यस्ता वालवालिकाहरुको पढाइमा निरन्तर सहयोग गर्न चाहनेहरुको उचित पहिचान र सम्मान गर्ने तथा अभिलेख राख्ने व्यवस्था गर्ने,

नेपाल सरकार
शिक्षा,विज्ञान तथा प्रविधि मन्त्रालय
# शिक्षा तथा मानव स्रोत विकास केन्द्र
**(प्रारम्भिक बालविकास शाखा)**
**सानोठिमी, भक्तपुर**

प.स.

मिति :-

च.नं.:

- आफ्नो क्षेत्रभित्र सञ्चालित सामुदायिक अध्ययन केन्द्रहरुलाई विद्यालय बाहिर रहेका वालबालिकाहरुको लगत संकलन, भर्नाको समय,स्थान र प्रक्रिया बारे प्रचार प्रसार, सञ्चार र समन्वय आदिमा परिचालन गर्ने,
- भर्ना अभियानका कारण विद्यालयमा भर्ना भएका बालवालिकाको उमेरगत विवरणसहितको प्रतिवेदन सम्बन्धित शिक्षा विकास तथा समन्वय इकाईमा पठाउने,
- आफ्नो क्षेत्र भित्र विद्यालय उमेरका शतप्रतिशत वालवालिका समयमै विद्यालय भर्ना गराई भर्ना सकिए लगत्तै विद्यालयवाहिर वालवालिका नभएको स्वघोषणा गर्ने ।

**विद्यालय**

- व्यवस्थापन समितिको वैठकवाट नै निर्णय गराई कार्यतालिकासहित विद्यार्थी भर्ना कार्यक्रम २०७९ वैशाख महिनामा नै सञ्चालन गर्ने,
- भर्ना हुन आउने वालवालिकालाई तत्काल भर्ना गरी स्वागत गर्ने र निःशुल्क पाठ्यपुस्तक उपलव्ध गराउने,
- विद्यार्थी भर्नाका लागि आफ्नो सेवाक्षेत्रभित्र व्यापक रुपमा प्रचार प्रसार र सूचना गर्ने । यसका लागि नजिकको एफ.एम.रेडियो,सामाजिक सञ्जाल, स्थानीय मेला पर्व आदिलाई माध्यमको रुपमा प्रयोग गर्ने,
- शिक्षा शास्त्र विषयमा कक्षा ११ र १२ सञ्चालन भएका विद्यालयहरुले सो तहमा अध्ययनरत विद्यार्थीहरुलाई प्रयोगात्मक कार्यको रुपमा आफ्नो सेवा क्षेत्र भित्र विद्यालय रहेका बालबालिकाको लगत संकलन, तिनीहरु विद्यालय बाहिर रहनुको कारण एवं समस्या पहिचान, विद्यालय भर्नाका लागि घरदैलो, सडक नाटक प्रदर्शन जस्ता क्रियाकलापमा परिचालन गर्ने,
- विद्यार्थी भर्ना एवं अभिभावकत्व ग्रहण गरी भर्ना गर्नेहरुको हकमा सो को समेत अभिलेख व्यवस्थित रुपमा राख्ने र स्थानीय तहलाई संप्रेषण गर्ने,
- एक जना शिक्षकलाई विद्यार्थी भर्ना कार्यक्रमको सम्पर्क व्यक्ति तोकी सूचना, सम्पर्क र समन्वयको जिम्मेवारी दिने ।

२०७८/१२/२९

(धनसूदन चौलागाईं)
शाखा अधिकृत